NEPAL STUDIES GROUP

देउराली साप्ताहिक

गाउँले समाचार पत्रिका

वर्ष -१, अंक -१ | वैशाख १४, २०५१, बुधबार | प्रति एकको मोल रू २।-

April 27 1994

ढाकर बोकेकी गाउँले दिदी

फोटो- उषा तिवारी

यस भित्र के के छ

- माटाका भाँडा बनाउनेहरू खिन्न छन्- ३
- अन कुमारीको कथा नेपाली नारीहरूमाथि कानुनी पक्षपातको पनि कथा हो. -५
- बाखा लामकाने नै जाति लाग्यो -६
- आँखा खोलिदिएकोमा धन्यवाद -७
- अब ऋण काढेर मादल बनाउँदिन -९
- बराङदीकोहल वनले रूप फेर्दैछ- ११
- एड्स रोग भनेको के हो ?. -१२
- नानीबाबुहरूको पानो (चित्रकथा)- १४
- देउरालीलाई पाती -१५

स्वागतम्

देउराली

साप्ताहिक गाउँले समाचार पत्रिकाको

विमोचन/उद्घाटनको

अवसरमा हाम्रा सम्पूर्ण पाठकहरू, ग्राहकहरू एवं शुभ-चिन्तकहरूको हार्दिक स्वागत छ.

देउराली

तपाईहरूको आशिर्वाद चाहन्छ

धन्यवाद !

भलाकुसारी

नमस्ते !

संचैछ ?

हाम्रो आजको यो भेट मेरोलागि साह्रै महत्वपूर्ण र ऐतिहासिक घटना हो किनभने देउराली पत्रिकाको यो अंक उद्घाटन/विमोचन अंकको रूपमा तपाईको हातमा छ. अबदेखि तपाईहाम्रो भेट साताको एकपल्ट हुनेछ.

तपाईलाई थाहै छ कि देउराली गएको पुस ७ गते देखि पन्ध्र पन्ध्र दिन बिराएर परीक्षणको रूपमा निस्किरहेको थियो. बितेको ४ महीना जतिमा हामीले नौवटा अंक निकाल्यौं.

एक्कैचोटि नियमित अंक ननिकालिकन किन परीक्षण अंक निकाल्नु पर्‍यो भन्ने तपाईलाई खुल्दुली लाग्ला. हामीकहां यसरी परीक्षण अर्थात पाठकहरूको इच्छा आकांक्षा जांचेर बुझेर पत्रिका निकाल्ने चलन छैन. संपादक वा प्रकाशकलाई जे कुरा छाप्न मन छ वा पाठकले के कुरा रूचाउला भनेर अडकल गरेर समाचार लेखहरू छाप्ने परम्परा छ.

तर देउरालीको विचार र बाटो बेग्लै छ. देउराली पूर्ण रूपले गाउँले जनताको रूचि अनुसार चल्ने र गाउँले जीवनलाई उकास्न-सपार्न के गर्नु बेस होला भनी छलफल गर्ने र गाउँलेकै समाचार छाप्ने अखवार हो.

गएका नौवटा अंकहरू पढेर तपाईले देउराली र अरू अखवारको फरक छुट्याइ सक्नु भयो होला. हुनत कसैले तपाई भनोस् नभनोस् आफै मपाई हुन सुहाउदैन तर विनम्रतापूर्वक म के भन्न चाहन्छु भने यस्तो खालको अखवार यो भारतीय उपमहाद्वीपमै पहिलो आफ्नै किसिम को अखवार हो. त्यसैले नेपाल र पाल्पाको पनि गौरव हो. व्यक्तिगत रूपमा भन्ने हो भने मैले पत्रकारिता गर्न थालेको २८ वर्षको अनुभवको निचोड जनताकोलागि पत्रकारिता गर्ने हांकको रूपमा मैले देउराली संपादन गर्ने जिम्मा लिएको छु.

यति छोटो समय भित्र देउरालीलाई तपाईहरूले रूचाई दिनु भएको हुंदा मना अब विश्वास जागेको छ कि यो हांक मैले पूरा गरेर देखाउन सक्छु. यसको लागि गाउँले भाषा, जनताको बोली र शैलीलाई अपनाउन आइपरेका कठिनाइहरूबाट पार पाउन मेरा हितैषी मित्र र खासगरी चिठी पठाइ र भेटघाट गरी सहयोग गर्नुहुने पाठकहरूप्रति आभारी छु.

परीक्षण अंकको शुरूदेखिनै काठमाडौ देखि आएर ढम्तै बसी संपादन गर्न सहयोग गर्नु हुने नेपालमा गाउँले पत्रिकाको थालनी गर्ने अनुभवी पत्रकार मित्र हेमबहादुर विष्टजी, देउरालीका पत्रकारहरूलाई आफूसंगै गाउंगाउंमा लगेर व्याबहारिक रूपमा रिपोर्टिङ्ग गर्न सहयोग गर्नुहुने मित्र गोपाल गुरागाईजीलाई आजको दिनमा नसम्झि हुदैन.

हुनत नेपालमा बहुदलीय व्यबस्था आए पछि भांती भांतीका बग्रेल्तै पत्रपत्रिकाहरू निस्कन थालेका छन् र यस्तो हेर्दा देउराली पनि त्यस्तै हो कि भन्ने कसै कसैलाई लाग्न सक्छ तर खास कुरा के हो भने विकास पत्रकारिताको आधारमा गाउँको विकासको लागि गाउँले पत्रिका निकाल्ने मूल विचार नेपाल प्रेस इंस्टिच्यूटका कार्यकारी निर्देशक एवं नेपालको संचार जगतमै टक्लक्कै चिनिने व्यक्तित्वको रूपमा सुपरिचित भारतदत्त कोइरालाको हो. उहांकै प्रेरणाबाट सात वर्ष अघि यो प्रयास थालिएको हो. बीचमा अनेक बाधा अवरोध आइपरे र अब नेपाल प्रेस इंस्टिच्यूटको प्राविधिक अगुवाइमा दातृसंस्था द एशिया फाउण्डेसनको आर्थिक सहयोगमा देउराली तपाईको हातमा पुग्न सकेको छ. यो काममा व्यक्तिगत रूपले पनि रूचि लिई हौसला प्रदान गर्नु हुने द एशिया फउण्डेसनका डाइरेक्टर सुजान वालेन र नेपाल प्रेस इंस्टिच्यूटका कार्यकारी निर्देशक भारतदत्त कोइरालालाई देउराली प्रकाशनको श्रेय छ.

देउराली प्रकाशित गर्ने काम "गाउँले पत्रिका पयोजना" संचालन गर्ने गैरसरकारी संस्था " ग्रामीण विकास पाल्पा" को सक्रियता, आयोजना र जिम्मेबारीमा भैरहेको छ. यो संस्थाले संचारको माध्यमबाट तालिम र चेतना अभिवृध्दि गर्ने विभिन्न कार्यक्रम जस्तै अनौपचारिक शिक्षा कार्यक्रम, मानवअधिकार चेतना कार्यक्रम, आयश्रोत बृद्धि कार्यक्रम, एड्स चेतना कार्यक्रम, संचालन गर्ने भएको छ र ती कार्यक्रमहरू सफल पार्न पनि देउराली एउटा सशक्त माध्यम हुन सक्छ.

हुनत देउराली पाल्पाबाट निस्केको हुंदा यो पाल्पामै सीमित हुने पत्रिका हो कि भन्ने भान पर्ला तर कुरा त्यसो हैन. स्रोत र साधनले भ्याएसम्म देउरालीमा सकेसम्म सबै ठाउंको समाचार छापिन्छ. तर एउटा कुरा के बुझिदिनु पर्‍यो भने देउराली गाउंको उन्नति र विकासमा सर्मपित गाउंलेजीवनलाई गौरवान्वित गर्ने गाउँको चेतना बढाउने पत्रिका हो. नेपाल गाउँ नै गाउंले बनेको देश हुंदा गाउँ नसप्री देश सप्रन्न भन्नेकुरामा हाम्रो दृढ धारणा छ. यसकारण गाउंको उन्नति हुने कुनै पनि काम कुरो देउरालीमा छाप्न पठाउन हिच्किचाउनु पर्दैन. तपाईहरूको चिठिपत्र नै देउरालीको पोसिलो खुराक हो.

अब आखिरमा फेरि पनि तपाईसंग अनुरोघ गर्छु. देउरालीलाई विषेश माया गरिदिनु होला. नजानेको कुरा सिकाउनु होला. बाटो बिराउन लाग्यो भने होसियारी गराउनु होला. मायाले त गालि गरे पनि मन पग्लन्छ हैनर ?

विनय कुमार कसजू

माटोको भाँडा बनाउनेहरू खिन्न छन्

-आसुँ भट्टराई

डोकोभरी गाग्रा, मटिया, चिलिम, हाँडी, र हण्डा बोकेर गाउँ-गाउँ घुम्ने घोरबन्दे कुमालहरू हिजो-आज कम्मरमा नाम्लो बेरेर घामको झुल्को संगै तानसेन

माटोको भाँडा बनाउँदै विर ब. कुमाल फोटो- गोविन्द

पुग्छन्. दिनभरी पल्लेदारी गरेर कमाएको पैसाबाट घर फर्कदा सामल-तुमल लगेर घर-परिवार चलाउँछन्.

घर-परिवार चलाउने पल्लेदारी पेशा भर्खरै शुरू भएको भएपनि पुर्ख्यौली पेशा माटाको भाडा बनाउने हो. बलियो र राम्रो भाडा बनाउनेमा पाल्पा जिल्ला बाहेक स्याङ्जा, गुल्मी र अर्घाखाँचीमा समेत नाम चलेका चिर्तुङ्गधारा गा.वि.स. का घोरबन्दे कुमालहरूले यो पेशा अपनाउन किन नीच मार्दैछन् त ? भनेर सोद्धा विर बहादुर कुमालले कारण बताउदै भने -"पहिले पहिले माटो लिन टाढा पुग्नु पर्दैनथ्यो. किन्न नपर्ने, दाउरा खोज्न वन नजिकै थियो. भांडा बनाएर इष्टहरू कहाँ पुऱ्याउन सके हुन्थ्यो, प्रशस्त अन्न पाइन्थ्यो. चाडपर्वमा उनीहरू पाहुर लिएर हामीकहाँ आउथे. अब त इष्टहरू हराए. भाँडा बनाउने झण्झट र बेच्न गाउँ-बजार धाउनु भन्दा भारी बोक्न गए हातमा नगद पर्छ भन्छन् छिमेकीहरू."

"इष्टहरू नआए पनि तपाईहरूले गाउँमा पुऱ्याए त बिक्छ होला नी ?" भन्दा विर बहादुर भन्छन्- "कहाँ बिक्छ र ? सबैले प्लाष्टिकको भांडा माटोको भन्दा सस्तो र बलियो हुन्छ भन्छन्. हामीले मिहीनेतको मोल राख्दा पनि महँगो हुन्छ रे !"

वुटवल-तानसेन मोटरबाटो खुल्नु अगाडिसम्म इष्ट जाने आउने चलन चलिरहन्थ्यो. कुमालहरूले भाँडा दिन्थे इष्टले हलो, स्यागु, कुचो र अन्न दिन्थे. मोटर चल्न थाले यता प्लाष्टिकको भाँडा बग्रेल्ती चलनमा आउन थाल्यो. घोरबन्दा आउने कोलडाँडा, बिसुनडांडा, कोकल, भालेबास, देउगीर, झंडेवा, र कालिचौर सबै तिरका इष्टहरू तानसेन बुटवल पुग्न थाले. घरमा भएको अदुवा, तरकारी, बेसार, कुचो बजारमा बेचेर फर्कदा चाहिएको प्लाष्टिकको भाडा किनेर फर्कन्छन्.

इष्ट जाने आउने चलन हराउँदै गएपछि भाडा बनाउनेहरू पनि घटे. घोरबन्दाका ७०-७२ कुरीया कुमालहरू मध्ये अहिले विर बहादुर, तारापति, कुल बहादुर,दल बहादुर, मंगल बहादुर, भक्त बहादुर, धोवी, गवुले, कोलाङ र सेते कुमालले मात्र सबै थरी भाडा बनाउन सक्छन्. देउमान, लेखाली र शुभलाल बितिसके. जान्नेहरूमा पनि माटोको भांडो बनाएर परिवार पाल्ने चाँहि विर बहादुर हुन्.

विर बहादुर ४५ बर्ष पुगे. सपंत्तीको नाउमा छुट्टिदा पाएको एकहलको मेलो मकै छर्ने बारी छ. दुई भाइ छोरा, तीन बहिनी, छोरी, आफू र श्रीमती समेत सात जनाको पेट पाल्ने मुख्य पेशा माटाको भाडा नै हो.

माटाको भाडा बनाउने काम उनले आफ्नै बाबु तारापतिसंग सिके. उनी १४-१५ बर्षको छँदा आमा-वा संग माटो, बोक्ने, कुट्ने गर्दथे. तारापतिका ६ भाइ छोरा मध्ये जेठा विर ब. ले मात्रै यो काम गर्छन्.

विर बहादुरले वर्ष भरिमा सय-छविस गाग्रा, मटिया दश-बाह्र हण्डा, असि-नब्वे हाँडी बाहेक चिलिम,गमला, पाला, भुड्का (बिहे, ब्रतवन्धमा चाहिने) जस्ता थरी थरीका

भांडा बनाएर एकै खेपमा पोल्छन्. उनका भनाईमा- "राम्ररी पोलिएमा ४-५ हजारको निमेकबाट ८-९ हजार पर्ने भाँडा तयार हुन्छ. कहिले काहि अँधिया पनि रहन्न. माटाको भाँडाको भरोसा हुन्न."

पोलिसके पछि हण्डा ४-५ सय गाग्रो ५०-८०

भांडा बनाउने चाँवी घुमाउँदै विर ब. कुमाल फोटो- गोविन्द

रू. मटिया १०-२० रू. हांडी १०-१५ रूपैंया र चिलिम १०-१५ रू. सम्ममा बिक्री गर्छन्.

घरघरमा प्रयोग हुने भाडा बाहेक उनले तानसेनको मिशन अस्पतालमा विरामीको कफ र दिशा जाँच्दा चाहिने पाला र भुडका पनि वनाउँछन्. वि. स. २०२४ देखि हालसम्म अस्पताललाई चाहिने पाला र भुड्का उनैले बनाइरहेछन्.

विरामीको घटबढ अनुसार महिनामा २-३ हजारसम्म पाला र भुड्का जान्छ. पोलेको भुड्का र पाला जोडाको पचास पैसा दिन्छ, अस्पतालले. अस्पतालमा भुड्का र पाला त्यही काम गर्ने माहिलो भाइ जीत ब.द्वारा बुझाउछन्.

विर ब. ले भाँडाहरू बनाउने बाहेक सुधारिएको चुल्हो पनि बनाउन जानेका छन्. २०३७ सालतिर तिनाउ जलाधार योजनामा काम गर्ने विदेशी कर्मचारी पीटरले उनी तारापति, कोलाङ र भक्त बहादुरलाई चुल्हो बनाउने तालिम लिन काठमाण्डौं पठाएको बताए.

तालिमबाट फर्केपछि १-२ बर्षसम्म उनीहरूले चुल्हो बनाए.त्यसपछि माग हरायो बनाउन पनि छाडे.

भाडा, चुल्हो बनाउन जाने पनि बिग्रंदा र नविक्दा कहिले कांहि विर बहादुरलाई पनि दिक्क त लाग्छ, तर पनि - "भारी बोक्न चाहि जान्न" भन्छन् उनी. कतैबाट आर्थिक र बेचविखनको सर-सहयोग पाउन सके भाडा बनाउने उद्योग खोल्ने विचार गरेका छन्, विर बहादुरले.

प्लाष्टिकको भांडा सस्तो र बलियो भए पनि जाँड रक्सी राम्रो रहन्न. पानी खान पनि त मिठो हुँदैन.

हांडी, चिलिम र पाला सधैं चाहिन्छ गाउंलेहरूलाई र ती सबै भन्दा बढी आवश्यक सुधारिएको चुल्हो हो.

वन जंगल मासिदैं जानबाट रोक्न र कम दाउराबाट चल्ने धुँवा कम हुने चुल्हो बनाउन सिपालु यी कुमालहरूलाई सहयोग गर्न सके गाउँकोलागि फाइदै हुन्थ्यो.☐

स्वार्थी कोइली



कोइली चराको स्वर मात्रै मिठो हो. त्यसले न त गुंड बनाउँछ न ओथारो नै बस्छ. त्यसले अरू साना चराको गुंडमा फुल पार्छ. उसको शरीर ठूलो, कौवाको जत्रो भएपनि फुल सानै हुन्छ.

अरू चराले उसको फुलमा ओथारो बसेर चल्ला काढिदिन्छ. आफूभन्दा धेरै ठूलो चल्ला भएपनि त्यसले किरा फटेंग्रा ओसार्दै ख्वाउंदै उसको पेट भरिदिन्छ तर त्यो चल्ला ठूलो भएपछि उसले गुंडका अरू साना चल्लालाई धकेलेर खसालिदिन्छ. कति स्वार्थी !☐

अनकुमारीको कथा नेपाली नारीहरूमाथि कानुनी पक्षपातको पनि कथा हो

-निवेदिता

१३ वर्षको उमेरमा विधवा भएकी अनकुमारी १५ वर्ष पछि अहिले गर्भवती भएको थाहा पाए पछि गाउँमा हल्लाखोर भयो.

पाल्पा पिपलडांडा गाउं विकास समिति वार्ड नं.९ बेलबोट बस्ने अनकुमारी बस्याल सामान्य सरल स्वभावकी महिला हुन्. उनको विहे उनी ९ वर्षको छँदा आफ्नै फुपाजु चुडामणि बस्यालसंग भएको थियो. त्यसबेला चुडामणि बस्यालको उमेर ३८ वर्षको थियो. श्रीमती हुँदा हुदै पनि छोराछोरी नभएको हुँदा अनकुमारीलाई विवाह गरेका थिए. सन्तान पहिलो विवाहित श्रीमतीबाट नै होस् भनेर सौतेनी ग्रह दोष मेटाउन मात्रै दोस्रो विहे गरेका थिए.

विवाह भएको चार वर्ष पछि १३ वर्षको उमेरमा लोग्नेको मृत्यु भयो. दुबै फुपू र भदै निसन्तानमै विधवा भए.

चूडामणि बस्याल विदेशमा नोकरी गर्दथे. उनको मृत्यु पछि दुबै स्वास्नीको नाममा पेन्सन आयो. घरका अरू दाज्यू भाइसंग छुट्टा भिन्दा गरी दुबै सौता सौती छुट्टाछुट्टै बसेर जीवन विताई रहेका थिए. मृतक बस्यालको घरको स्थिति राम्रै थियो. घर, जग्गा तथा केही सुनका गहनाहरू दुबै श्रीमतीलाई बनाई दिएकै थिए. दुबै सौता सौती निसन्तान भए पनि खुशी साथ नै जीवन निर्वाह गरेका थिए.

विधवा भएको पन्ध्र वर्ष पछि अनकुमारी गर्भवती भएकी छिन्. मीसन अस्पतालमा जंचाउदा उनको पेटमा ७ महिनाको बच्चा छ. यो गर्भ उनको खुशीले रहन नगई एकान्तपारी वाध्य गराएको भन्ने भनाई तिनको रहेको छ.

गाउँमा ठूलो कचहरी राखेर गर्भ कसको हो भन्ने बारे सोधपुछ गर्दा गाउँकै विद्यालयका प्रधान अध्यापक जगन्नाथ अर्यालको हो भनेर अनकुमारीले बताइन्. यस्तै गरी राम्दी चौकीमा र तानसेन प्रहरी कार्यालयमा लगी केरकार गर्दा पनि उनले त्यही कुरा दोहोऱ्याइन्. केही ठालुहरूले जगन्नाथलाई जोगाउन अनकुमारीलाई दबाब र यातना दिने षडयन्त्र पनि गरे. तर त्यसै गाउँका गाउँलेहरू र महिलाहरूको सक्रियतामा गाउँलेहरू भेला भई अनकुमारीलाई चैत्र ११ गते जगन्नाथ अर्यालको घरमै लगेर बुझाए.

तर अहिले उनी आफ्नो मृतक लोग्नेको चल अचल सम्पती लाई छाडेर नयाँ लोग्नेको घरमा बस्न वाध्य भएकी छिन्. नयाँ घरमा छोरा बुहारी र सौताले साँझ विहान खान र सुत्न दिएका छन्. मेलामा काममा लग्ने र घरको अरू काममा अह्राई पराई पनि गर्दैछन्. तर लोग्ने संग भेटघाट गर्न दिएको छैन. जेठी स्वास्नी र लोग्ने सुतेको कोठा बाहिर बुहारीले ताल्चा मार्ने गरेको कुरा थाहा लागेको छ. लोग्नेले रातो लुगा सिन्दुर पोते साइत हेरेर दिउँला भनेर अनकुमारीलाई एकान्तमा भनेको तर झण्डै महिना दिन हुँदा पनि दिएको छैन.

यसरी एक महिला आफ्नो लोग्नेको सतित्वमा बसेर त्यसैको सम्पतीमा रमाउन चाहँदा चाहँदै पनि आफुलाई जर्बजस्ती गर्ने पुरूषको घरमा अपहेलित भै बाँच्न पर्नु हाम्रो कानुनको कस्तो नियम हो ? हाम्रो कानुनले महिलालाई कस्तो पक्षपात गरेकोछ भन्ने कुरा यो घटनाले स्पष्ट पारेको छ.□

कुनै मान्छे भान्छामा आगो फुक्दैछ भन्दैमा उसले पकाउन जानेको छ भन्ने नठान्नुस.

बाख्रा लामकाने नै जाति लाग्यो

बाख्रा निकै पालियो. काठे बाख्रा पालेर त्यति जस पाइएन. फाइदा पनि त्यति हात लागेन. न मासु धेरै, न दूध दिने. बाख्राको दूध पोसिलो हुन्छ. तर बाख्राले दूध दिन्छ भन्ने हामीलाई पत्यारै छैन. हुने पो कसरी ? हामी कहाँ त्यसरी विकासे बाख्राको वीउसम्म आएको छैन. जेटिए बाबुले भनेको बाख्राको लामकाने जात अब हाम्रो गाउँमा ल्याउन पर्‍यो. त्यसले दूध पनि दिन्छ अरे. मासु पनि धेरै हुन्छ अरे. समूहको पैसाले ल्याऔं. बोका कृषिले झिकाइदिने रे ! पाल्ने बोकाको



वाहाल लिएर त्यसैबाट यौटाले पालौंला. यो सबै छलफल रिङ्गनेरहको पशुपालक किसान समूहको फागुनको बैठकमा भएको हो. यहाँ यौटा पशुपालक किसान समूह छ. त्यसले महिनै पिच्छे आफ्नो बैठक गर्छ. पहिले एक जनाको २०।- रूपैया उठाएर यौटा कोष पनि खडा गरिएको छ. यसको कोष यतिखेर वीस हजार जति पुगेको छ. आजकल महिनाको पाँच मात्रै उठाइन्छ. अरू यसको व्याजबाट कोष उकालो लाग्दैछ. यतिखेर यसले कृषिको तीनहजार र आफ्नो दुईहजार थपेर पशुको ओखती राखेको छ. यो ओखती वीरकोट खल्लुक भन्जिङ कमल कहाँ पाइन्छ. यसमा जुका, भ्याउते, नाम्ले, अपच, जोरो, वैला गाईं, भैसीलाई साह जाने गराउने ओखती सुई राखिएको छ. अब छिटै गोवरमा किरा जुका जाँच्ने मिसिन (माइक्रोस्कोप) किन्ने पनि समूहले सुर कसेको छ. अब यसै महिना भित्र समूहको लामकाने बोका आउँछ. यो आए पछि गाउँले कचरा बोका पाठा मासेर सबैले विकासे बोका लगाउने विकासे खसी बोका पालेर आम्दानी बढाउने. विकासे माउ विकास गरेर दूध पनि अलि अलि दुहुन सिक्ने. पाठा पशु अस्पतालमा चाहार्ने. बेला बेलामा माटेको दवाई ख्वाउने. गाउँमा बाख्रा पाल्न सबैलाई उचाल्ने जस्ता छलफलमा निधो गरेर फागुनको बैठक टुंगियो. यो समूहको अध्यक्ष तुलवीर पाठा हुनुहुन्छ. यसको रेखदेख र सरसल्लाह कृषि शाखा रिङ्गनेरहका मुख्य कर्मचारी विश्व शाक्यबाट हुने गरेको छ. समूहको पैसा समूहका सदस्यहरूले महिनाको दुई व्याजमा चलाएका छन्.☐ *टुल्दाइ*

भीषण आगलागीबाट गाउँ ध्वस्त

पाल्पा खालीवन गाउँ गा.वि.स. वडा नं. ६ को झिरूवास गाउँमा बैशाख ६ गते ठूलो आगलागी भयो आगोमा परेर १५ वर्षकी मेनक कुमारी रामजाली सहित कैयौं गाई वस्तु मरेको र १८ घर डढेर स्वाहा भै करीब ५० लाखको धन, माल नोक्सान भएको समाचार छ.

बैशाख ७ गते जिल्ला प्रशासन कार्यालयलाई खबर आए पछि ८ गते बिहानै प्रशासन कार्यालय जिल्ला प्रहरी कार्यालय र जिल्ला स्वास्थ्य कर्मी सहित उद्धार टोली गाउँमा गै मद्दत गर्न थालेको छ.

अहिलेको लागि हरेक घर कुरियालाई रू ५ सय र मृतकको परिवारलाई १ हजार रूपैया कामु प्रमुख जिल्ला अधिकारी दुर्गानाथ गौतमले बांडनु भयो. घाइतेलाई औषधी गर्न चाहिने रकम समेत दिनु भएको थियो.

आगो लाग्नुको कारणको बारेमा स्थानीय बासिन्दासंग सोध्दा आगलागीको कुनै कारण थाहा न भएको र अष्टमीका दिन दिनको ४ बजे अचानक दुई घरको बीचबाट आगो उठेको भन्ने कुरा गाउँलेहरूले बताए. उपचार टोलीले सामान्य उपचार शुरू गरेको छ. एक परिवारलाई ४० किलोको दरले खाद्यन्न सहयोग दिलाउन जिल्ला प्रशासन कार्यालय र रेडक्रसले व्यवस्था गर्दैछ.☐ *-जगदीश भट्टराईबाट*

"आँखा खोलिदिएकोमा धन्यवाद !"

-बसमाया कुमाल

पोहोर (सन् १९९३) मनाइएको अन्तरराष्ट्रिय आदिवासी वर्षको उपलक्ष्यमा घोरवन्दा कुमाल गाउँमा संचालन भएको महिला साक्षरता कार्यक्रम बैसाख ३ गते सकियो.

बाँया- "सहभागीलाई पढ्नु पर्छ भन्दै' ८१ बर्षिय बलविर कुमाल पुराना कुरा संफदै
दाँया- "अँध्यारोमा थियौं आँखा देख्न पायौं" भन्दै साक्षर महिला बसमाया

कार्यक्रम सकिने दिन गाउँका बूढा पाका वलवीर कुमालको सभापतित्वमा समापन कार्यक्रम भएको थियो. त्यस मौकामा बोल्दै कार्यक्रम संचालन समितिका सदस्य जीरा वहादुर कुमालले भन्नु भयो " हाम्रो जस्तै गरीव र अशिक्षित समाजमा साक्षरता कार्यक्रम संचालन गरेर दिदी वहीनीहरूलाई पढने मौका दिएकोमा ग्रामीण विकास पाल्पालाई धन्यवाद दिन्छु. कमसेकम चिठी लेख्न र पढन सक्ने भएकोमा दिदी वहिनीहरूले चित्त वुझाउदै अरू ज्ञान बढाउन आफैले पनि कोशीस गर्नु पर्‍यो. ग्रामीण विकास पाल्पाले हाम्रा दिदी वहिनीहरूलाई सीप मूलक तालीम को लागि सहयोग गर्ने आशा छ".

संचालक समितिका अर्का सदस्य सूर्य वहादुर कुमालले यस्ता कार्यक्रमहरू घोरवन्दामा धेरै संचालन भए तर अरू प्रभाबकारी हुन सकेको थिएन. यो कार्यक्रम अत्यन्तै प्रभावकारी भएकोमा साह्रै सन्तोष लाग्यो. पढने दिदी वहिनीहरूले प्रमाण पत्र पाउदैमा अब पुग्यो भनेर बस्नु हुदैन. आफ्नो ज्ञान बढाउन आफै मेहनत गर्नु पर्छ भन्दै आदिवासी कुमाल महिलाहरूलाई पढन लेख्न सिकाउने कार्यक्रम संचालन गर्ने ग्रामीण विकास पाल्पालाई धन्यवाद दिनु भयो. सीप मूलक तालीमको लागि पनि ग्रामीण विकास पाल्पाले सहयोग गर्ने आशा लिएको बताउदै दिदी वहिनीहरूलाई सल्लाह दिनु भयो " छोरा, छोरी सबैलाई पढाउनु पर्छ भन्ने कुरा तपाईहरूले सोच्नु पर्छ ".

महिला साक्षरता कार्यक्रम घोरवन्दाकी शिक्षिका शान्ती रानाले दिदी वहिनीहरूलाई पढाउन पाएकोमा खुसी लाग्यो भन्नु भयो.

पढने दिदी वहिनीहरूको तर्फबाट मनमा लागेको कुरा बताउदै बसमाया कुमालले भन्नु भयो, "घरको दुःखले गर्दा स्कूल जान नपाएका हामी जस्ता क पनि नचिनेका अन्धाले नाम लेख्न जान्यौं. अँध्यारोमा थियौं अहिले अलि-अलि भए पनि आंखा खुल्यो. ग्रामीण विकास पाल्पाले ठूलो उपकार गरेको छ".

ग्रामीण विकास पाल्पाका सदस्य मेघराज शर्माले भन्नु भयो, "स्कूल जान नपाएका गाउंले दिदी वहिनीलाई पढाउने मौका पाएको मा खुसी लागेको छ. दिदि वहिनीहरूले दश महिना पढदा जे जति सिक्नु भयो त्यो ज्ञानलाई अगाडि बढाउने प्रयास गरिरहनु पर्छ. घरमा सांझ विहान फूर्सद मिल्दा पढने लेख्ने बानी बसाल्नु पर्छ." उहाँले सीप मूलक तालीम वारे बताउनु भयो." जसरी तपाईहरूले पढने लेख्ने जांगर देखाउनु भयो त्यसरी नै सीप मूलक तालीम लिएर केही गर्न पाए हुन्थ्यो भन्ने मनमा चासो लिनु भएको छ भने ग्रामीण विकास पाल्पाले सक्ने मद्दत गर्ने छ. तपाईहरूले सिकेको सीपले गाउँमै बसेर दुइ-चार पैसा आर्जन गर्न सघाउने छ". उहाले दिदी वहिनीहरूलाई पढ्न इच्छा गर्नेहरूलाई पढाई दिने कुरा गर्दै साक्षरता कार्यक्रम सफल बनाउन सघाउने भाइहरू गोविन्द भट्टराई, सूर्य वहादुर कुमाल, जीरा वहादुर कुमाल र पढाउने वहिनी शान्ती राना लाई स्यावासी दिनु भयो.

समारोहका प्रमुख अतिथि तथा ग्रामीण विकास पाल्पाका सदस्य मनमोहन श्रेष्ठले आदिवासी वर्षको उपलक्ष्यमा साक्षरता कार्यक्रम चलाएर गाउँका दिदी घर-घर गएर सम्झाउने सूर्य वहादुर कुमाल, जीरा वहादुर कुमाल, गाउंमै बसेर पढाउने शिक्षिका शान्ती राना, माघ महिना देखि मौका मिलाएर बुन्न सिकाउने कल्पना कुमाल र एकदिन भएपनि आएर स्वास्थ्य शिक्षा वारे बताउने राम प्रसाद ढुङ्गाना सबैलाई धन्यवाद दिनु भयो. घरको काम काज र मेलो पातबाट फूर्सद निकालेर दिनको २ घण्टा पढेर दश महिनामा लेखपढ गर्न सक्ने भएकोमा दिदी वहिनीहरूको तारिफ गर्दै घरमा फूर्सद निस्कनासाथ लेख्न-पढन सल्लाह दिनु भयो.

समापन कार्यक्रम फोटो- गोविन्द

वहिनीलाई सघाउन पाएकोमा खुशी लागेको छ भन्नु भयो. शिक्षिकाको मेहनतलाई तारिफ गर्दै तीन भाइहरूले गरेको सहयोगलाई धन्यवाद दिनु भयो. उहाँले दिदी वहिनीहरूलाई पढाइको महत्व बताउदै भन्नुभयो. तपाईहरूले दश महिनामा सिकेको ज्ञान दीयो जस्तै उज्यालो छ. अध्यारो जीवनमा अगाडि बढन बाटो खुलेको छ. दिदी वहिनीहरूलाई अलि-अलि सिकेको ज्ञान बढाउदै गए भोलि आपन्ना छोराछोरीलाई सिकाउन सक्नु हुनेछ, भन्ने सल्लाह दिदै अगाडि भन्नु भयो "सीपमूलक तालीमको लागि ग्रामीण विकास पाल्पाले सोचीरहेको छ. मौका मिल्यो भने तपाईहरूले जांगर साथ सिक्नु पर्दछ."

आदिवासी वर्षको उपलक्ष्यमा कुमाल महिलाहरू लाई साक्षर बनाउने कार्यक्रम चलाएकोमा कार्यक्रम संचालन समितिका संयोजक गोविन्द भट्टराईले ग्रामीण विकास पाल्पालाई विशेष धन्यवाद दिदै यो गुन भुल्ने छैनौं भन्नु भयो. दिदीवहिनीहरूलाई पढनु पर्छ भनेर

समारोहका सभापति ८१ वर्षीय बलवीर कुमालले आपन्नो पालामा स्कूल नभएको र पढन नपाएको सम्झदै भन्नु भयो" विदेश गएको बेला जेनतेन मेहनत गरेर नाम लेख्न सक्ने भएं. तिमीहरू स्कूल भए पनि घरको दु:खले पढन पाएनौ. दश महिना गाउंमै चलेको साक्षरता कक्षामा पढेर पढन लेख्न सक्ने भयौ. यतिकै सन्तोष मानेर बस्नु हुन्न. घरमा कोसिस गर्नुपर्छ. किताव मात्र होइन कतै फालिएको कागजको टुक्रा भेटेपनि के लेखेको रैछ भनी पढनु पर्छ. आफूले दु:ख खटेर भएपनि छोराछोरीको आंखा खोली दिनु पर्छ".

समापन समारोहमा सभापतिवाट शिक्षिका शान्ती रानालाई र प्रमुख अतिथिबाट साक्षर महिलाहरू बसमाया, टंकीसरा, पेमासरा, जनिता, शान्ती, लेखीसरा, चन्द्र कुमारी, मान कुमारी, दिलमाया, भीमासरा, माया, सानो पुतली, हैम कुमारी, प्रेमा, हिरा कुमारी कल्पना र हेमीसरा कुमाल लाई प्रमाण पत्र वितरण गरिएको थियो. उक्त कार्यक्रम ग्रामीण विकास पाल्पाको सहयोगमा २०५० जेठ २० गते देखि चलाइएको थियो.❐ *आँसु भट्टराईबाट*

"अब ऋण काढेर मादल बनाउँदिन"

-भव बहादुर बौडेल

मदनपोखरा घुम्न आएका विदेशी मात्र हैन स्वदेशीहरूले पनि भेट्टाए भने भव बहादुरले बनाएको मादल किनेर आफ्नो देश वा गाउँमा पुऱ्याउँछन्. तर "सीप भएर पनि कामको तालमेल नमिलेर दु:ख पाएको छु" भनी उनी भन्छन्.

भव बहादुर बौडेल मादल वनाउदै फोटो- मेघराज शर्मा

पाल्पा मदनपोखरा गा.वि.स. वडा नं. ५ बस्ने वर्ष ४१ को भव बहादुर बौडेल मादल वनाउन, सिकर्मी र डकर्मी काम गर्न सिपालु छन्. उनी यिनै तीन पेशा गरेर आफ्नो जीविका चलाएका छन्.

भव बहादुर बौडेल पाल्पा जिल्लामा एउटा राम्रो मादल वनाउने कालिगढमा गनिन्छन्. मादल बनाउने उनको पुर्ख्यौली पेशा हो. उनले मादल बनाउने काम आफ्नो बाबु चेतनारायण बौडेलबाट सिकेका हुन्. उनले अहिले घरमा फुर्सदको वेलामा मादल बनाउने गर्दछन्. उनले वर्षमा २०० देखि लिएर ३०० सम्म मादल बनाउछन्. उनले बनाएको मादलको मोल रू १५०देखि ६०० सम्म पर्छ. ती मादल काठमाडौ, पाल्पा, पोखरादेखि लिएर रूस र अमेरिका सम्म पुगेका छन्.

मादल बनाउन काठ र गाई, गोरू र बाखाको छाला चाहिन्छ. उनले काठमा खमौरी, गोयलो र कटहरको काठ प्रयोग गर्दछन्. एउटा मादल वनाउन ३५ रूपैया जतिको छाला ८० रूपैयाको काठ र १० रूपैयाको खरी अनि अरू ५।६ दिनको आफ्नो परिश्रम लाग्ने कुरा उनी वताउदछन्.

भव बहादुर बौडेललाई तपाईले अरू काम नगरेर मादल मात्र बनाउने काम गरे हुदैन ? भन्दा उनी भन्दछन् "हजुर मादल बनाउने कामले मलाई डुवायो. साना किसानबाट ऋण लिएर मादल प्रसस्त बनाएर काठमाडौ बेच्न लगें तर मेरो मादल बेलामा बिकेन. काठमाडौमा साना साना, नबजे पनि देख्न राम्रो चिटिक्क परेको र गरोगन गरेको मादल बिक्दो रहेछ. मेरा मादल बलियो राम्रो बज्ने तर भद्दा थियो त्यसैले बिकेन. काठमाडौमा मादल लैजादा बस्दा खादा घेरै खर्च भयो. मादल नविकेकोले घाटा लाग्यो. साना किसानको ऋण बेलामा बुझाउन सकिन. ब्याज बढदै गयो. ऋण चुलिदै गयो. आखिरमा पछि भएको थोरै खेत पनि बेचेर ऋण तिरें. अब ऋण काढेर मादल नबनाउने भएकोछु."

"कि मादलै नबनाउने विचार गर्नु भयो" भन्दा उनी भन्दछन् "इष्टमित्रलाई रिझाउन मादल त बनाउछु. तर ऋण काढेर व्यापारै गर्ने गरी मादल बनाउदैन. घरमा अडर आए आफ्नो पुर्ख्यौली पेशा छाडने वाला पनि छैन."

तपाई अरू के के काम गर्नु हुन्छ भन्दा उनी भन्दछन् " हजुर सीप त धेरै जानेको छु. सिकर्मीको काम गर्छु. डकर्मीको काम गर्छु. तर के गर्ने कामको तालमेल नमिलेकोले दु:ख पाएकोछु".□ *मेघराज शर्माबाट*

हाम्रा गाउँठाउँ

बिकासको बाटो पर्खेको गाउँ पालुङ्ग-मैनादी

पाल्पा जिल्लाको पश्चिम भागको मध्य क्षेत्रमा रहेको पालुङ्ग-मैनादी गाउँ विकास समिति बहुदलीय प्रजातन्त्रको स्थापना पछि पालुङ्ग र मैनादी दुवैलाई मिसाई गाउँ विकास समिति एउटै बनाइएको थियो।

त्यस गाउँमा कुँवर, क्षेत्री, मगर बाहुनको बढी संख्या र अरूजाती दमाई, सार्की, कामीको कम संख्या बसोबास गर्ने गर्छन्. पूर्व पट्टि कुसुम खोला, पश्चिममा मुफुङ्ग उत्तरमा देउराली र दक्षिणमा ठिमुरे, फेक गाउँहरू पर्छन्. गाउँ विकास समितिमा प्रभात नि.मा.वि. कालीका प्रा.वि. पालुङ्ग प्रा.वि. जस्ता प्राथमिक विद्यालयहरू छन् तर दुःखको कुरा त्यहाँका केटा-केटीहरू मा. वि. सम्मको शिक्षा हासिल गर्न कुसुमखोला जानु पर्छ.

तानसनेबाट बसमा बतासे, हार्थोक छहरासम्म जान सकिन्छ. पालुङ्ग र मैनादी गाउँको हेल्थपोष्ट वडा नं. ५ को बतासेमा छ, तर त्यहाँ गाउंलाई आवश्यक परेका पर्याप्त औषधीहरू पाउँन गाह्रो छ.

त्यस गाउँका गाउँले भाइहरू भन्छन्, "बहुदल अघि दुई गाउँ विकास समितिहरू दुइटा हुँदा विकास अनुदान बेग्लै आउँथ्यो. एउटै हुंदा हामीहरू विकासमा ठगिएका छौं.

यस गाउँको मैनादी भेकमा सुन्तलाको खेती राम्रो हुने गर्छ. त्यहाँ एक व्यक्तिले ५०० वटासम्म सुन्तलाका रूखहरू लगाएका छन्. तर त्यसको बजार व्यवस्था राम्रो नपाएकोले श्रम गरेको फल पाउँन नसकिएको कुरा वडा ३ का ५० वर्षीय लोक बहादुर कुँवर गुनासो गर्नु हुन्छ. बतासेमा सानो बजार छ. केही मात्रामा त त्यहाँ बेचिन्छ तर सबै खपत हुन सक्दैन उहाँ भन्नु हुन्छ.

गा.वि.स. भित्र दुई वटा सामुदायिक वनहरू राम्रो अवस्थामा छन्. तर त्यहां समस्याका रूपमा दुई गा.वि.स. का छुट्टै छुट्टै भवनहरू अपाएक पर्ने ठाउँमा भएको हुँदा ती भवनहरू प्रयोगमा छैनन्. यसरी समय अनुसार आफ्नो स्वरूप परिवर्तन गर्दै आएको गाउँ पालुङ्ग, मैनादी विकासको बाटो पर्खी रहेको अवस्थामा छन्. सम्बन्धित निकायले अविलम्ब सोच्नु पर्ने देखिन्छ.□ *जगदीश भट्टराईबाट*

"रेडा" को मासिक भेला सम्पन्न

गएको चैत्र ६ गते शनिबार पालुङ मैनादी गा.वि.स. वडा नं ६ डवका अन्तर्गत रहेको "ग्रामीण आर्थिक विकास संघ" (REDA) को मासिक भेला स्थानीय गाउँको घाटखोला भन्ने ठाउँमा वडा सदस्य चोप बहादुर कुँवरको अध्यक्षतामा बस्यो. मासिक रू १०।- प्रतिघरले उठाउने गरेको सो संघमा कूल ७४ सदस्य छन्. उक्त संघमा २०४७ साल श्रावण महिना देखि स्थानीय गाउँलेहरूको सक्रियता रू ५।- का दरले उठाइएको थियो र एकवर्ष पछि रू १०।- उठाउने निर्णय भयो. उठेको रकम सोही संस्थाका सदस्यहरूलाई आफ्नो आम्दानी बढाउने कामहरू जस्तै कुखुरा पालन, बाखापालन, बंगुरपालन, सीपमूलक कामकालागि कम व्याजदरमा प्रतिमहिना सयकडा रू १।- का दरले रिण लगानी गरिन्छ. हालसम्म सो कोषमा करिब रू ४५०००।- रकम जम्मा भएको छ.

सो भेलामा मासिक रू १०।- उठाउने, रिण लगानी गर्ने, रिणफिर्ता लिने, र साथसाथै गाउँमा विभिन्नविकास निर्माणका कामकालागि छलफल भयो. उक्त ठाउँमा सो दिन प्रत्येक बर्ष झैं देशान्तर देवी को पूजागरी वनभोजको पनि आयोजना गरिएको थियो. *गोपाल ब. कुंवर, डवका, पलाउङबाट*

आफ्नै मेहनत आफ्नै फल

पाल्पा चापपानी गा.वि.स. वार्ड नं ६ मा आफ्नो परिश्रम वल प्रयोग गरेर आफ्नो बारी पाखोमा तरकारी खेती गर्ने लगनशील प्रतिभाशाली किसानहरू मध्ये महेन्द्र खाण ठकुरी पनि हुन्. उनी भन्छन्,- "मैले ५०० वटा जति सुन्तला लगाउको छु. ती मध्ये १५० भन्दा बढि अब फल्न लागेका छन्. सालमा नौ जातका तरकारी रोप्छु. तरकारीको बिउ उत्पादन गर्छु."

त्यस पेशाबाट उनी बार्षिक ५० देखि ६० हजार कमाउने गर्छन्. उनले अब माछा र हांस पाली यस क्षेत्रलाई चाहिने माछा र हांस यहीं पैदा गर्ने बताउँछन्. आजभोलि फुर्सद निकाली विद्यालयमा समेत तरकारी खेती गर्ने विधि र हुने फाइदाबारे सिकाउने गरेका छन्.□ *छविलाल ढकालबाट.*

वराङ्गदीकोहल वनले रूप फेर्दैछ

लक्ष्मण देवकोटा

नेपालभरमै सामुदायिक वनको उदाहरण दिंदा मदनपोखराको सामुदायिक वनको उदाहरण दिइन्छ. जनताको संरक्षणमा रहेका सातवटा सुन्दर वनमा अर्को वन थपिएको छ. मदनपोखराको टाइगरचोक, दमकडामा पर्ने वराङ्गदीकोहल वन गाउंलेहरूले आफ्नो जिम्मामा लिएका छन्.

वन जोगाउन सक्रिय उपभोक्ताहरू

"आज भन्दा करीव १० वर्ष अघि दमकडामा अहिलेको जस्तो सुन्दर वन थिएन. ३६ सालको बाढीले दमकडामा हल्लाखोर मच्चाएपछि स्थानीय जनताहरूको सक्रियतामा रूख विरूवा रोप्ने काम भएको हो". पुरानो कथा कोट्याउदै दमकडाका रण वहादुर भट्टराई भन्नु हुन्छ.यसरी स्थानीय जनताहरूले नीति नियम बनाएर पालेको भएपनि यो वन जनताहरूले आफ्नो जिम्मामा लिन पाएका थिएनन्. वास्तविक उपभोक्ता चिन्न नसकेको कारणले रोकिएको काम वडा अध्यक्ष हरीसुमर रेग्मीको सक्रियतामा फेरि अघि वढ्यो. वास्तविक उपभोक्ता ५४ घर छुट्याएपछि चैत्र ४ गते स्थानीय जनता र वनकार्यालयका प्रमुख र रेन्जरको उपस्थितिमा नीति नियम वनाउने र हस्तान्तरण गर्ने काम भयो.

जंगल छटानी र खाडल खन्न सुरू

हराभरा वनाउने र सुन्दर वनमा परिणत गर्ने जांगर लिएर आफ्नो जिम्मामा वन लिइसकेपछि गाउंलेहरूले आफ्नो काम सुरू गरेका छन्. मियालको रूखलाई छाटेर नासपाती कलमी गर्ने र सिमली घारीमा सिसौ रोप्ने योजना बनाई सिमली छाटने काम पूरा भएको छ. चैत्र २५ गते देखि ३० गते सम्म छाट्ने काम भयो र अहिले सबैजना सिसौका बेर्ना रोप्न खाडल खन्न धमरधुसले लागेका छन्.

अहिलेसम्म कूल बनमा करीव ३ हेक्टर जतिमा सिसौ रोप्न छटानी भएको छ र अन्दाजी ३०००जति खाडल तीन दिनमा खनिएको छ र अव २ दिन खनेर ५ हजार पुऱ्याउने लक्ष्य रहेको छ.

काम कसरी हुन्छ ?

१ हात लम्वाई र १ हात गहिराई गरी खनिएका खाडलहरू खन्नको लागि विहान १० बजे सबैजना जम्मा हुन्छन्. प्रत्येक दिन ७ समूहमा बांडिन्छन् र प्रत्येक समूहमा एकजना टोलीनेता हुन्छन्. उनकै निर्देशनमा प्रत्येक समूहले आ-आफ्ना काम गर्नु पर्ने हुन्छ.सांझ ५ बजे बिदा हुन्छ र बीचमा १ घण्टा खाजाखाने समय पाइन्छ. काम गर्नका लागि आधा घण्टा पछि आएमा काम गर्न दिइन्न र ४० रूपैया जरिबाना तिर्नुपर्छ. बनको नीति नियम पालन नगर्नेलाई उपभोक्ताबाट निष्कासन गरिन्छ. अहिलेसम्म सो सजायमा १ जना परिसकेका छन्.दाउरा फाडदा सबैले वरावर रूपमा १ भारी दाउरा पाउछ र १ भारीको समितिलाई सहयोग स्वरूप रू. ५ बुझाउनु पर्छ.

यसरी सबैजना यस वनलाई आकर्षक र सुन्दर वनाउन कस्सिएका छन्. तपाईले किन वनमा काम गर्नु भएको भन्दा ६० वर्षीया वेल कुमारी भट्टराई भन्छिन् " वन जोगाउन सक्यो भने बाढी आउदैन, पशु पंछी सुरक्षित हुन्छन्. अरू त्यो भन्दा मुख्य कुरा त यहांको वनमा नासपाती झुलेपछि र सिसौ हुर्केपछि पर्यटकहरूको ओइरो लाग्छ र मदनपोखराको इज्जत अझै वढ्छ."

वनसंरक्षण समिति गठन

वन हस्तान्तरण प्रकृया भैसकेपछि सबै गाउँले मिलेर यौटा वन संरक्षण समिति चुनेका छन्. सो समितिको अध्यक्षमा यदवीरसिं थापा, उपाध्यक्षमा कृष्ण पुरी, सचिवमा बिमल घिमिरे, कोषाध्यक्षमा जगन्नाथ घिमिरे, र सदस्यमा वेल कुमारी भट्टराई, हेमकुमारी घिमिरे, धनकला घिमिरे, तेजकुमारी बस्याल, ढुण्डी राजपाण्डे, खिमानन्द देवकोटा, हरिसुमर रेग्मी, ज्ञानु अधिकारी हुनुहुन्छ भने सल्लाहकारमा शुकदेव रिजाल, दुर्गा अर्याल, बुध्दिनाथ अर्याल र दुर्गालाल अस्लामी हुनु हुन्छ. यसरी दमकडाको वराङ्गदीकोहल वनले आफ्नो रूप फेर्दैछ.□

स्वास्थ्य

एड्स रोग भनेको के हो ?

रोग निको भएन भने मान्छे मर्छन्. हुन त बाढी पहिरोमा परेर पनि मान्छे मर्छन्. तर धेरै जसो मान्छे रोग लागेर नै मर्छन्. रोग त्यतिकै लाग्दैन, रोग लगाउने काम किटाणुहरुले गर्दछन. यी किटाणुहरु साना हुन्छन्. आंखाले देख्न नसकिने हुन्छन्. यसकारण यिनीहरुलाई जुम्रा जस्तै सरक्क टिपेर नङ्गले ठुङ्ग मार्न सकिदैन तर हाम्रो जस्तै शरीरको विभिन्न अंगहरुले यस्ता किटाणुहरुलाई मारिरहेका हुन्छन्. खासगरी रगतमा भएका तत्वहरुले कुनै किटाणुहरुलाई स्वात्त निल्छन् र मार्छन् कुनै किटाणुलाई विष खुवाएर मार्छन्. किटाणुलाई मार्न सक्ने यस्तो शक्ति मान्छेले गर्भबाटै लिएर आएको हुन्छ . डाक्टरहरुले यस्तो शक्तिलाई प्राकृतिक शक्ति (Natural Immunity poweer) भन्ने गरेका छन्.

हाम्रो शरीर भित्र प्राकृतिक शक्ति र रोग व्याध फैलाउन किटाणुहरु संधैभरि लडाई गरिरहेका हुन्छन् .कहिले काहि त्यो लडाइमा किटाणुले जित्छ . यस्तो वेलामा हामीलाई रोग लाग्छ . हाम्रो प्राकृतिक शक्ति जति कम भयो रोग पनि त्यति नै चर्को पाराले लाग्छ . झन् यो शक्ति नाशै भयो भने त हाम्रो ज्यानलाई मामुली रोगलेनै मार्न सक्छ.मान्छेसंग प्राकृतिक शक्ति बलियो छ भने सितिमिति रोग लाग्न सक्दैन.

एड्स रोग पनि आंखाले देख्न नसकिने किटाणुले लगाउने रोग हो. त्यो किटाणुलाई डाक्टरहरुले एच. आई. भी. नाम राखेका छन् . यही एच. आई. भी किटाणुहरु मान्छेको रगतमा पुग्छन् र मान्छेको प्राकृतिक शक्तिलाई नस्ट गरि दिन्छन् . अब हामी सोचौ त ! किटाणुसंग लड्ने शक्ति नष्ट भएपछि मान्छेले रोगका किटाणुहरुसंग कसरी लड्न सक्लान् त ? उसको हालत हतियारै नलिई चितुवा मार्न खोज्ने शिकारीको जस्तो हुदैन र ? ती किटाणुहरुले प्राकृतिक शक्ति नष्ट भएको मान्छेलाई बांकी राख्लान् त ? हो, त्यस्तो प्राकृतिक शक्ति नष्ट भए पछि सानातिना रोगहरु पनि निको हुंदैनन्. त्यस्ता सानातिना रोगले नै मान्छेलाई मार्न सक्छ . एड्स त्यस्तै रोग हो. यो रोग लागेपछि रोगका किटाणुसँग लड्न सक्ने मान्छेको शक्ति नाश हुन्छ.

A- Acquired
I- Immune
D- Deficiency
S- Syndrome

एड्स रोग मान्छेको रगतमा किटाणुहरु पुग्नासाथ लाग्दैन. कसैकसैलाई त दश बाह्र वर्षपछि मात्र रोगका लक्षणहरु देखा पर्छन. रगत जाच्दा एच. आई. भी.किटाणु देखिन्छ. तर रोगका लक्षणहरु चांहि देखिदैन भने त्यो अबस्थालाई एच आई. भी. पोजिटिभ (एड्सका किटाणु र गतमा भएको) अवस्था भनिन्छ. तर रोगका लक्षणहरु देखा पर्न थाले पछिको अबस्थालाई भने एड्स भनिन्छ ।

H - Human
I - Immune Deficiency
V - Virus

एड्सका किटाणुले प्राकृतिक शक्तिलाई कसरी नष्ट गर्दछ ?

मानिसको रगतमा धेरै प्रकारका कोषहरु (Cells) हुन्छन्. ती मध्ये सेतो रक्तकोष (white blood cells) पनि एक हो .सिपाहीले देश भित्र पसेका बैरीलाई नास्छ. त्यस्तै सेतो रक्त कोषले शरिरमा पसेका रोगका किटाणुहरुलाई मास्छ. सेता रक्तकोषहरु पनि धेरै खालका हुन्छन. जस्तै शत्रु आएको



द्वारपाल(एक किसिमको सेतो रक्तकोष)
ले शरीरमा किटाणु पसेको खबर गर्दछ



द्वारपाल (एक किसिमको सेतो
रक्तकोष र किटाणुको भिडंत

सेतो रक्तकोषको किटाणुलाई मारेको

खबर गर्ने द्वारपाल (सि.आई.डी) बमगोला (Anti body) बनाउने शत्रु उपर बममगोला फयाक्ने आदि. यस्ता काम गर्ने सेता रक्तकोषहरुका नाम बेगलाबेग्लै छन् . द्वारपालको काम गर्ने कोषको नाम चाहि अंग्रेजीमा टी हेल्पर सेल (T-Helper Cells) हो.

बनाउन भ्याउदैनन्. एन्टीबडी छैन भने सेता रक्तकोषहरुले रोगका किटाणुसंग लड्न सक्दैनन्. यसो भएपछि रोगका किटाणु विरुद्ध लड्न सक्ने हाम्रो प्राकृतिक शक्तिलाई एड्सका किटाणु एच. आई भी. ले सजिलै संग नष्ट गर्छ. हामो प्राकृतिक शक्ति नष्ट हुनासाथ शरीरमा थरीथरीका

एड्सका किटाणु (HIV) एड्सका
किटाणुले आक्रमण गर्न खोजेको



एड्सका किटाणुले द्वारपालाई मारेको



सेतो रक्तकोषले एण्टीबडि बनाउन नसकेपछि
अरू रोग लागाउने किटाणुहरूले आक्रमण गरेको

द्वारपाल कोष (T-Helper Cells) ले किटाणुसंग कुस्ताकुस्ती गर्न सक्दैन. यसले अरु सेता रक्त कोषहरुलाई शत्रु आएको खवर दिन्छ। द्वारपालको खबर पाएपछि मात्र अरुखाले सेता रक्तकोषहरुले आफनो सुरक्षाको लागि एन्टबडी बनाउंछन एन्टीबडीले रोगका किटाणुलाई माछ्र. तर एच. आई. भी भन्ने किटाणुले द्वारपाल सेतो रक्तकोषलाई नष्ट गरिदिन्छ. द्वार पालनै नस्ट भएपछि अरु रक्तकोषले शरीरमा किटाणु पसिसकेको थाहा पाउदैनन. तिनीहरुले किटाणु मार्ने एन्टीबडी

रोगहरु लाग्न सक्छन्. एड्स रोग लाग्दा पटक थुप्रै खालका रोगका लक्षणहरु देखा पर्ने कारण यही हो.

एड्स रोगबारे नजानी नहुने थुप्रै कुराहरु छन् . जस्तै एच. आई. भी किटाणु कसरी हाम्रो शरीरमा पुग्छ ? अथवा एड्स कसरी सर्छ ? एड्सबाट बच्न के कुरामा ध्यान दिनु पर्छ ? आदि. ती सवै कुराहरु एकै पटक छलफल गर्न सकिदैन हामी पछि पालैसगँ तिनीहरुको बारेमा बताउछौं.❐ साभार- “एडस” त्रैमासिक, बर्ष १, अंक १

नानी बाबुहरूको पानो

बाल चित्रकथा

चकच्चके बिरालो

रतन आले
पाल्पा आर्ट ग्यालरी



स्याल र बकुल्ला

एउटा स्यालले बकुल्लालाई निम्तो गर्‍यो. उसले एउटा थालमा मासुको झोल पस्केर दियो. लामो थोंड भएको हुँदा बकुल्लाले थालबाट खानेकुरा खान सकेन. स्यालले बकुल्लाको भाग पनि सबै आफैले खायो. बकुल्ला हिस्सै परेर घर फर्क्यो.

केही दिन पछि बकुल्लाले स्याललाई निम्तो गर्‍यो. उसले साँगुरो मुख भएको सुराहीमा मासुको झोल राखेर स्याललाई खान दियो.

स्यालले सुराहीभित्र आफ्नो मुख पसाल्न सकेन. बकुल्लाले आफ्नो तीखो थोंड सुराही भित्र छिराएर सबै खानेकुरा खायो. स्याल भोकै घर फर्क्यो. जस्तालाई तस्तै.❑

चित्र- सरोवर कसजू
कक्षा- ४
पाल्पा आवाशिय विद्यालय

देउरालीलाई पाती

सम्पादकज्यू,

म आफ्नो कामले स्याङ्गजा पुगेको थिएं, त्यहाँका पुस्तक पसलहरूमा पनि आफ्नो पाल्पाली देउरालीलाई ग्राहकहरूले मनपराएर किनेका, त्यस्तै वालिम, गलेङ्गमा पनि देउराली पुगेर आफ्नो ठाउं ओगटन थालिसकेछ. बसमा बसेर यात्रीहरूले पनि देउर ालीसित मायाले भेटगरेको देख्दा निकै खुशी लाग्यो. व्यक्तिगत ग्राहकलाई यसको मोल रू २।- गराएकोमा व्यवस्थापन पक्षलाई धन्यवाद. देउराली पढने बानी गाउँलेहरूमा व्यापक रूपमा बसाल्न सके विकासको सुतेको भावना जुर्मुराएर गाउँलेहरूमा नयां चेतना फैलाउनेकाम अवश्य गर्नेछ. गाँउ, बेसी, दोबाटो र भञ्ज्याङ्गका पसलहरूमा यसले जसरी पनि पुगेको हुन पर्ने देखिन्छ.

नीलकण्ठ न्यौपाने, पूर्वखोला, पाल्पा

देउराली परीक्षण अंङ्कको अर्को अंङ्क हात पर्‍यो. मूल्य बढेदेखि मागेर पढ्ने गरेको देउराली अहिले आफैले किनेर पढ्नपाइयो. मूल्य घटाउनु भएकोमा हृदयदेखि नै धन्यवाद. गाउँले खबरहरू बटुल्ने यो पत्रिका आगामी दिनहरूमा अझै बढ्दै जाओस्. अघिल्लो पातो रंगीन बनाउन सके अझै राम्रो हुने थियो. नव वर्ष २०५१ को उपलक्ष्यमा सफलताको लागि हार्दिक शुभ-कामना.

लक्ष्मण देवकोटा, ज्ञानु अधिकारी र गोबिन्द बस्याल
मदनपोखरा-७ दमकडा, पाल्पा

देउराली पत्रिकाको केही अंङ्कहरू पढनपायौं जस्ले गर्दा सयौं संख्यामा रहेका हाम्रा छात्रछात्रालाई उत्साह जनक ज्ञानवर्द्धक सर ल शव्द सहितको लेखहरू पढन पाएकोमा हामी विद्यालय परिवार हर्षित छौं.हाम्रा ससाना भाइवहिनीहरूलाई पनि यस पत्रिकाले लेख लेखी विभिन्न घटना र उत्साहजनक उपलव्धिहरूको ज्ञान आर्जन गर्ने प्रमुख बाटो मिलेको हुदा विद्यार्थीहरूबाट समेत यस्ता केही लेख लेखाई छापी दिने गरेमा यस पत्रिकाको उद्देश्य पूर्ण सफल रहने छ.

छविलाल ढकाल, प्र.अ. श्री चन्द्र प्र.मा.वि. चापपानी

गाउंले समाचार पत्रिका देउराली पढन पाउदा ज्यादै हर्षित छु. यसका सम्पूर्ण स्तम्भहरू धैरै राम्रा छन्. विगतका परीक्षण अंङ्क ७ र ८ मा भलाकुसारी अन्तर्गत " लाजले काज बन्दैन " र" नखाएको बिख पनि लाग्छ" भन्ने ज्यादै राम्रो लाग्यो. बास्तवमा समयमै एड्स सम्बन्धी ज्ञान हासिल नगरेमा भविष्यमा प्रत्येक व्यक्ति एड्सबाट पीडित हुनेछ.

म देउराली पत्रिकाको नियमित पाठको नाताले आगामी अंङ्कहरूमा विद्यालयको बारेमा पनि परिचय दिएमा म जस्तो विद्यार्थीलाई धैरै फाइदा हुने थियो.

मिलन ज्ञवाली, रोल नं.१, श्री कालिका नि.मा.वि. मुभुङ्ग पाल्पा

प्रथमत देउराली गाउँले समाचार पत्रिकाको प्रकाशन गर्न थाल्नु भएकोमा हार्दिक शुभकामना. अकस्मात एकदिन रिडी बजार स्थित बैंसालु पुस्तक पसलमा देउराली नामक पत्रिका देख्न पुग्यौं र कस्तो पत्रिका होला ? भन्ने खुल्दुलीले किनेर पढदा सांच्चै यस पत्रिकाले मोहनी लाग्यो र बारम्बार किन्न थाल्यौं. जव पढदै गयौं यस प्रति झन झन मायां गाढा हुदै जान थाल्यो. आज भोलि त कहिले आउला भनेर लाहुर गएको आफ्नो प्रेमीको प्रतीक्षामा बस्ने गाउँकी पातली झैं भएका छौं. यस भित्र हुने सामाग्रीहरू गाउंले जीवन संग ठयाक्कै मिल्ने हुंदा यो गाउँका हरेक व्यक्तिका लागि उपयोगी पत्रिका भनेर हामीले ठहर गरेका छौं. एउटा सुझाब के छ भने यसलाई पाल्पामा मात्र सीमित नपारेर छिमेकी जिल्ला गुल्मी, अर्घाखांची, स्याङ्गजा आदि क्षेत्रका बारेमा पनि गाउँले समाचारहरू दिनु भयो भने झन पत्रिकाको माग बढथ्यो कि ? यदि यस भेगका वारेमा आवश्यक परेमा हामीले पनि समाचार संकलनमा सहयोग गर्ने थियौं.

कृष्ण ज्ञवाली "अन्जान"राम प्रसाद ज्ञवाली
रूरू गा.वि.स. वार्ड नं. १ च्यूरेक, थोर्गा गुल्मी

देउराली पढेर खरायो पालें

देउराली तेश्रो अंङ्क पढेर खरायो पाल्ने रहर लाग्यो. बराङ्गदीका हुमराज बस्याल द्वारा अंगोरा जातको खरायो मैले ३ जोडी र छिमेकी नीम नारायण ढुङ्गानाले ३ जोढी एकै पटक मगायौं. पाल्न शुरू गयौं अहिले खासै दु:ख छैन.

देउरालीमा हजार रूपैया जोडी पाईन्छ भन्ने लेखेको भएपनि हामीले जोडीको बारहसय (काठमाडौं पुगेर) तिर्न पर्‍यो. तालीम र औषधी उपचारको सुविधा पाउन कहाँ, के गर्नु पर्छ त्यो पनि देउरालीले बताइदिए हुने थियो.

साथै मन पर्ने घाँसबारे त बताईयो तर ख्वाउन नहुने बिषालु घांस बारे पनि लेखिदिएको भए राम्रो हुने थियो.

खोर बनाउन, शुरूमा किन्न प्रसस्तै लगानी गर्नु परे पनि भनाई र सुनाई अनुसार बजार भाउं पाईन्छ भने हामी नेपालीहरू विदेश जान नपर्ने महसुस गरेको छु.

ईश्वरी प्रसाद ज्ञवाली, घोरवन्दा,पाल्पा

जि.प्र.का. पाल्पा द.नं. १४
पा.जि.हु.द.नं १/०५०/५१.

आगलागी



आगलागीबाट घर ध्वस्त फोटो - नयाँघरे जेठो

बन्दिपोखरा-६ खयरतुङ्गका हुम बहादुर कुँवरको नाले घरमा चैत्र २६ गते आगोलागेको खवर छ.

" विहान ९ बजे तिर अचानक आगोको मुस्लो देखियो वरपर कसैले कहा कुडी पोलेको पनि देखिएन. मान्छे पल्लो घरमा गएकोले आगो कहाँबाट उठ्यो पत्तै भएन." भन्ने ससुरा पूर्ण बहादुरको भनाई छ. त्यति बेला उनी छोरी र नातिनी भात खादै थिए.

कामदार र स्कूलेहरू सबै लाखा पाखा लागी सकेकोले गाँउमा धेरै मान्छे थिएनन्. खडेरीको वेला दुई चार जनाको बलले आगो किन निभ्थ्यो र ? ८० वर्षे पूर्ण वहादुरले खुइय्य सास फेर्दै भने " असोजमा साढे आठ हजार मा किनेको लैनो भैसी आगोमा परेर पांच दिन पछि मऱ्यो ! एकतोलाको सुनको औठी डण्यो !!" त्यस्तै सर्स्यु तोरी १५ पाथी, मकै ३० पाथी, फापर १२ पाथी, कोदो ६ पाथी, काठ र सिल्टीका हर्पे, ध्यू, सिरक ३, दसना ३, कम्बल, तकिया बाहेक ७ जनाले लगाउने कपडा सबै बाकसै समेत डढ्यो. ३० हातको १ तले नालेघरमा उतिवेला जोडेको अधाखका काठ सबै खरानी भयो.

पूर्ण बहादुरकी बुहारी विष्णु माया माझीको आगनमा रहेको मकैको सुली आगोको लप्कोले टिपेपछि खरानी भयो. उनी तानसेन बस्ने हुदा जेठाजुको नालेघरमा राखेको उनका कांस र स्टीलका भांडा कुडाँ सबै आगोमा पऱ्यो. दुबै जनाको गर्दा झण्डै ६०-६५ हजार नोक्सान भएछ. पूर्ण बहादुरले चैत्र १९ गते आपन्नी जहानको वर्खी फुकाएर लाखबत्ती बालेको, एकाहा गरेको सम्झदै भने- " त्यति वेला झण्डै पन्द्र सोरह हजार खर्च भयो. एक साता पछि नै आगो लाग्दा ठूलो नोक्सान भयो."□ *नयाघरे जेठो*

सामाजिक कुरीतिको विरूद्ध महिला जुलुस

पाल्पा जिल्लाको पश्चिममा पर्ने छहरा गा.वि.स. मा गठित बराह देवी महिला आयआर्जन समितिले गएको चैत्र २६ गते धुवाँको अम्मलको विरोध गर्दै अमलाबासबाट ,भालुखान र भालुखान देखि छहरा बजार सम्म जुलुस निकालेको थियो. जुलुसमा ६० जना महिला र २० जना पुरूषहरू थिए.

सामाजिक कुरीति निमूर्ल पारौं, धुम्रपान, मद्यपान सेवन गर्न पाइदैन, महिला एकता जिन्दाबाद ,हामी महिला एक हौं . जस्ता नाराहरू लगाइएका थिए. जुलुसमा हिडने महिलाहरू ज्यादै जोसिला र उत्तेजित देखिन्थे. यस जुलुस कार्यक्रमलाई अन्य समितिहरूबाट पनि महिला र पुरूषहरू आई सहयोग गरेका थिए भने युवाहरूमा यमलाल घिमिरे, टिकाराम पोखे्रल र श्रीकृष्ण आत्रेयले बिशेष सहयोग गरेको थाहा भएको छ.□ *सुश्री तारा बस्यालबाट*

सिलाई कटाई तालिम

पाल्पा, छहरा गाउँ विकास समिति वडा नं १ मा घरेलु तथा साना उद्योग विकास कार्यालय पाल्पाले आयोजना गरेको तीन महिने सिलाई कटाई तालिमको जिल्ला विकास समितिका उपसभापति यादव बहादुर रायमाझीले एक समारोह बीच हालै उद्घाटन गर्नु भयो.

छहरा गाउं विकास समितिका अध्यक्ष देवी प्रसाद पौड्यालको सभापतित्वमा भएको उद्घाटन समारोहमा बोल्दै उपसभापति रायमाझीले यस्ता खालका तालिमबाट गाउँका बेरोजगार महिलाहरूलाई रोजगारको व्यवस्था हुन सक्ने संभावना रहेको कुरा व्यक्त गर्नु भयो.

उक्त तालिममा २० जना महिला सहभागी छन्.□

जगदीश भट्टराईबाट

संपादक एवं प्रकाशक:- ग्रामीण विकास पाल्पाकोलागि विनय कुमार कसजू ८/७५ श्रीनगर, तानसेन, पाल्पा. ——बेम्ब
टाइप, लेआउट सेटिङ:- कम्प्यूटर फ्याकस सर्भिस, मुद्रक:- पाल्पा अफसेट प्रेस फोन नं. २०१८७, फ्याक्स: ०७५-२०४६७